# हरिनगर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ३ मितिः २०७८/०९/१८


**भाग-१**

**हरिनगर गाउँपालिका**

## हरिनगर गाउँपालिका
## विनियोजन ऐन, २०७८ (प्रथम संशोधन)

हरिनगर गाउँपालिका, सुनसरीको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

गाउँसभा बाट स्वीकृत मिति : २०७८/०९/१४

प्रमाणिकरण मिति : २०७८/०९/१८

**प्रस्तावना :** हरिनगर गाउँपालिका, सुनसरी २०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम हरिनगर गाउँपालिका, सुनसरीको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्तनाम र प्रारम्भ :**(१) यस ऐनको नाम “हरिनगर गाउँपालिका, सुनसरीको विनियोजन ऐन,२०७८ (प्रथम संशोधन)” रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७८/०७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ माथि उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ५६,७७,९८,५९५।५१(अक्षरेपी रुपैयाँ छपन्न करोड सतहत्तरी लाख अन्ठानब्बे हजार पाँच सय पन्चानब्बे पैसा एकाउन्न मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :**(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त हरिनगर गाउँपालिका, सुनसरीको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तिय, व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ।

अनुसूची-१

(ऐनको दफा २ सँग सम्बन्धित)

संचितकोषबाट विनियोजन हुने रकम(रु.हजारमा)

| क्र.स. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | बित्तिय व्यवस्था(सशर्त अनुदान) | जम्मा |
|---|---|---|---|---|---|---|
| | | गाउँ कार्यपालिका र वडा समिति | ३०१९३२.६ | २६५८६५.९९५ | | ५६७७९८.५९५ |
| | | विषयगत शाखा | | | | |
| | | ऋणको साँवा ब्याज भुक्तानी | | | | |
| | | लगानी (शेयर/ऋण) | | | | |
| **कुल जम्मा** | | | ३०१९३२.६ | २६५८६५.९९५ | | ५६७७९८.५९५ |

आज्ञाले,

नाम : सुजन ढुङ्गेल

निमित्त प्रमुख प्रशासकीय अधिकृत